(त) शिक्षक तथा कर्मचारीको हाजिरी अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी बिदा नलिई अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउ सहित कारबाहीको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षा अधिकृतलाई सिफारिस गर्ने,

(थ) आफनो क्षेत्रभित्र सञ्चालन गरिएका अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको नियमित रूपमा निरीक्षण तथा अनुगमन गरी स्थानीय शिक्षा अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने,

(द) संस्थागत, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि शिक्षा अधिकृत समक्ष सिफारिश गर्ने ,

(ध) जीवनपर्यन्त शिक्षा र जीवन उपयोगी शिक्षाको उचित प्रवन्ध गर्ने गराउने ,

(न) स्थानिय शिक्षा अधिकारीले तोके बमोजिम थप कार्य गर्ने, गराउने ,

(प) गाउँपालिकाले शिक्षा सम्बन्धि प्रत्यायोजित कार्य गर्ने,

२३.(१) **स्रोताव्यक्तिको काम, कर्तव्य र अधिकार** : स्रोतव्यक्तिमा करार सम्झौता गरी काजमा आउँदाका बखत सम्झौतामा उल्लेखित कामहरुका अतिरिक्त मानेभञ्ज्याङ्ग गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले निर्देशन गरे अनुसारका कामकाज गर्ने गराउने हुनेछ ।

## परिच्छेद-४
## गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

२४. **गाउँ शिक्षा समितिको सरचना तथा कार्यसंचालन विधिः** (१) गाउँपालिकामा देहाय वमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँ कार्यपालिकाको अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्ति -अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको गाउँपालिकाको सदस्यहरुमध्ये कम्तीमा १ जना महिला सहित २ जना सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(घ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) गाउँपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट गाउँपालिकाले मनोनित गरेको कम्तिमा एक महिला सहित तीन जना - सदस्य

(ङ) गाउँपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका वि.व्य.स.अध्यक्षहरुमध्येबाट समितिले मनोनित गरेको एक जना -सदस्य

(च) स्थानीय शिक्षप्रेमी, समाजसेवी, वद्धिजीविहरुमध्येवाट समितिले तोकेको प्रतिनिधि एक जना -सदस्य

(छ) गाउँपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएको व्यक्ति एकजना -सदस्य

(ज) शिक्षक महासंघको गाउँपालिकास्तरको अध्यक्ष -सदस्य

(ज) स्थानीय शिक्षा अधिकारी/स्रोतव्यक्ति -सदस्य-सचिव

(२) शिक्षकका क्रियाशील पेशागत संस्थाका प्रतिनिधिलाई गाउँशिक्षा समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गरिनेछ ।

(३ ) शिक्षा समितिको वैठक कम्तीमा प्रत्येक तीन महिनामा कम्तिमा एक पटक वस्नुपर्नेछ ।

(४ ) शिक्षा समितिको वैठकभत्ता गाउँपालिकाको प्रचलित कानुन वमोजिम हुनेछ ।

(५) वैठक संचालनको लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थीति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

(६) मनोनित सदस्यको पदावधि मनोनित भएको मितिले दुई वर्षको हुनेछ ।

२५. **गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार** : ऐन तथा यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा, युवा तथा खेलकुद शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागी कार्यपालिकामा पेश गर्ने

